# विश्वविद्यालय अनुदान आयोग

पत्र संख्या :

च. नं. : ६६८

मिति :

२०७४/०२/२५

**विषय : सामुदायिक क्याम्पसहरुलाई भवन निर्माण, फर्निचर खरिद, पुस्तकालय सुदृढीकरण तथा उपकरण अनुदान वितरण सम्बन्धी सूचना ।**

यस आयोगको मिति २०७३/१०/०७ मा प्रकाशित सार्वजनिक सुचना अनुरुप विभिन्न विश्वविद्यालय मार्फत सम्बन्धन प्राप्त गरी सामुदायिक रुपमा सञ्चालित विभिन्न क्याम्पसहरुले आर्थिक वर्ष २०७३/०७४ का भवन निर्माण, फर्निचर खरिद, पुस्तकालय सुदृढीकरण तथा उपकरण अनुदान प्राप्त गर्न निवेदन दिएकामा आयोगको वैठकको निर्णय नं १०४२ ले स्विकृत गरेको **"सम्वन्धन प्राप्त सामुदायिक क्याम्पसहरुलाई अनुदान दिने निर्देशिका २०७३"** अनुसार निर्धारण गरिएको अनुदान वितरणका मापदण्डमा आधारित रही योग्य क्याम्पसहरुलाई अनुसुची - १ मा संलग्न भए बमोजिम अनुदान निर्धारण गरिएको छ । तर भवन निर्माण शिर्षक अन्तर्गत हाल सम्म रु. ३७,५०,०००/- लगिसकेका क्याम्पसहरुको हकमा स्थलगत अनुगमनका आधारमा रकम निकासा हुने हुनाले अनुगमन पश्चात अर्को सूचनामा नतिजा प्रकाशन गरिनेछ । भवन निर्माण, फर्निचर खरिद, पुस्तकालय सुदृढीकरण तथा उपकरण खरिद अनुदान सम्वन्धी सम्झौता मिति २०७४/०३/०१ देखि २०७४/०३/११ सम्ममा भइसक्नु पर्ने छ । समयमै सम्झौता नभएका क्याम्पसहरुलाई अनुदान दिन आयोग बाध्य हुने छैन । आ.व. २०७२/०७३ को अनुदान खर्चको फरफारक यही मिति २०७४/०२/३१ गते सम्म गरि सक्नु पर्नेछ । फरफारक नभएका क्याम्पसहरलाई आ.व. २०७३/०७४ को भौतिक विकास अनुदानका कुनै पनि शिर्षकमा सम्झौता गराइने छैन । साथै अनुदान रकम क्याम्पसहरुको यस आयोगमा उपलब्ध गराएको रा.वा. बैंकको खातामा ABBS सुविधा मार्फत जम्मा हुनेछ ।

............................

(प्रा.डा. देवराज अधिकारी)

सदस्य सचिव

सानोठिमी, भक्तपुर, फोनः ६६३८५४८, ६६३८५४९, ६६३८५५०, ६६३८५५१, फ्याक्सः ९७७-१-६६३८५५२, पोष्ट बक्स नं. १०७९६ काठमाडौं, नेपाल
ईमेल :ugc@ugcnepal.edu.np Website:www.ugcnepal.edu.np